नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, भरतपुर




## स्वतः प्रकाशन

## (Proactive Disclosure)

आ.व. २०८२/८३

(२०८३ बैशाख देखि २०८३ असार मसान्तसम्म)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय, भरतपुर

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
भरतपुर, चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) सँग सम्बन्धित आर्थिक वर्ष २०८२/०८३ को बैशाख देखि असार मसान्तसम्मको विवरण।

१. निकायको स्वरुप र प्रकृति:

नेपाल सरकारको कार्य विभाजन नियमावली बमोजिम अर्थ मन्त्रालय अन्तर्गत आन्तरिक राजस्व विभागले सम्पादन गर्ने आन्तरिक राजस्व प्रशासन सम्बन्धी सेवा सञ्चालन गर्ने निकायका रुपमा आन्तरिक राजस्व कार्यालयहरू स्थापना भएका छन्। मुलुकको आन्तरिक राजस्व परिचालन गर्ने उद्धेश्यका साथ गठित आन्तरिक राजस्व कार्यालयहरु मध्यें भौगोलिक अवस्थिति अनुसार नेपालको दक्षिण-मध्य भूभागमा रहेको चितवन जिल्लाभित्र आन्तरिक राजस्व प्रशासनका लागि स्थापना गरिएको आन्तरिक राजस्व कार्यालय, भरतपुर हो।

आन्तरिक राजस्व कार्यालय, भरतपुर वि. सं. २०५८ सालमा भरतपुर महानगरपालिका वडा नं. १० मा अवस्थित पुरानो कार्यालय भएको पनि विदितै छ। वि. सं. २०७७ सालदेखि खैरहनीमा करदाता सेवा कार्यालय स्थापना भै आन्तरिक राजस्व कार्यालय खैरहनीको रुपमा स्तरोन्नती भएकोमा २०८२ कार्तिक १७ गतेको नेपाल सरकारको निर्णानुसार आन्तरिक राजस्व कार्यालय खैरहनी खारेजीमा परेको छ । सो कार्यालयले गर्दै आएको केही कामहरु रत्ननगर नगरपालिका, कालिका नगरपालिका, रासी नगरपालिका र खैरहनी नगरपालिकाले गर्ने र बाँकी कामहरु यसै कार्यालयले गर्ने गरी कार्यक्षेत्र तोकीएको छ । त्यसैगरी २०८२/१२/१९ देखी माडी नगरपालिका र २०८३/०१/०१ देखी ईच्छाकामना गाउँपालिकाबाट पनि यस कार्यालयबाट प्रदान गरिने केही सेवाहरु प्रदान गर्न थालिएको छ । करदाताहरुको लागि कर प्रशासन सम्बन्धि सम्पुर्ण कार्य संचालनको लागि सोही अनुसार जनशक्ति व्यवस्थापन गरी संगठनात्मक संरचना अबलम्बन गरिएको छ। सारभुत रुपमा हाल यस कार्यालयको कार्यक्षेत्र चितवन जिल्ला भरीनै रहेको भएतापनि देहायका कार्यहरु रत्ननगर नगरपालिका, कालिका नगरपालिका, रासी नगरपालिका, माडी नगरपालिका, खैरहनी नगरपालिका र ईच्छाकामना गाउँपालिकाले गर्ने गरी समक्षदारी भएको छ र सोही अनुसार पालिकाहरुले कार्य गर्दे आएका छन् ।

१. पालिकाको क्षेत्र भित्र बसोबास गर्ने प्राकृतिक व्यक्तिहरुलाई व्यक्तिगत स्थायी लेखा नम्बर (Personal PAN) जारी गर्ने,
२. पालिकाको क्षेत्रभित्र ठेगाना भै दर्ता भएका व्यवसाय तथा निकायहरुलाई व्यवसायिक स्थायी लेखा नम्बर (Business PAN) जारी गर्ने,

प्रमुख कर अधिकृत

३. पालिकाको क्षेत्रभित्र ठेगाना भएका व्यक्तिगत व्यवसाय तथा निकायहरुले मूल्य अभिवृद्धि कर (Value Added Tax) मा दर्ताको लागि निवेदन दिएमा आवश्यक कागजात भिडान गरी आन्तरिक राजस्व कार्यालय भरतपुरमा सिफारिश गर्ने र दर्ता प्रमाणपत्र उपलब्ध गराउने,

४. पालिकाको क्षेत्रभित्र अन्तःशुल्क ईजाजतपत्र लिनुपर्ने व्यवसाय सञ्चालन गर्ने व्यवसायहरुको नयाँ अन्तःशुल्क ईजाजतपत्र र नविकरणको लागि आवश्यक कागजात भिडान गरी आन्तरिक राजस्व कार्यालय भरतपुरमा सिफारिश गर्ने र ईजाजतपत्र उपलब्ध गराउने,

५.कर चुक्ता प्रमाणपत्र माग गरी आउने करदाताहरुको आवश्यक कागजात भिडान गरी आन्तरिक राजस्व कार्यालय भरतपुरमा सिफारिश गर्ने र करचुक्ता प्रमाणपत्र उपलब्ध गराउने,

६. करदाताको दर्ता सम्बन्धि विवरण संशोधन गर्नु परेमा करदाताले पेश गरेका कागजात तथा प्रमाण भिडान गरी आवश्यक संशोधन गर्ने र आफूबाट हुन नसकेमा आन्तरिक राजस्व कार्यालय भरतपुरमा सिफारिश गर्ने,

७. पालिकाको क्षेत्राधिकार भित्रका करदाताहरुलाई आयकर, मुल्य अभिवृद्धि कर र अन्तःशुल्क लगायतका कर कानून र अवलम्बन गर्नुपर्ने प्रक्रियाहरुका सम्बन्धमा आवश्यक करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु उद्योग वाणिज्य संघ एवं आन्तरिक राजस्व कार्यालय भरतपुरको समन्वय एवं सहकार्यमा सञ्चालन गर्ने ।

## ४. निकायको काम, कर्तव्य र अधिकारः

आन्तरिक राजस्व विभागका कामहरूलाई विशिष्टिकरण गरी करदाता सेवा, कर सङ्कलन र कर परीक्षण तथा अनुसन्धानका कार्यहरू सम्पादन गर्न आवश्यक कानूनी व्यवस्था भएको छ। सालवसाली आर्थिक ऐन मार्फत गरिने थप कानूनी व्यवस्थाले आन्तरिक राजस्व प्रशासनमा सहजीकरण हुने गरेको छ। राजस्व प्रशासनसँग सम्बन्धित आयकर ऐन, २०५८, मूल्य अभिवृद्धिकर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ को अधिनमा रहेर आन्तरिक राजस्व कार्यालय, भरतपुरले आफ्नो कर्तव्य र अधिकारको प्रयोग गरिरहेको छ।

## ५. निकायको संगठनात्मक संरचनाः

कर सम्बन्धी सेवा प्रदान गर्नु पर्ने करदाताको संख्या र कर सम्बन्धी कार्यगत विवरणका आधारमा नेपाल सरकारबाट संगठनात्मक संरचना स्वीकृति प्राप्त भै आन्तरिक राजस्व कार्यालय, भरतपुरको देहाय बमोजिमको कर्मचारी दरबन्दी कायम रहेको छः-

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या | कार्यरत संख्या |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख कर अधिकृत | रा.प. द्वितीय | नेपाल प्रशासन | राजस्व | १ | १ |
| २ | कर अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | राजस्व | ८ | ७ |

प्रमुख कर अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | विविध | १ | १ |
| ४ | नायब सुब्बा | रा.प. अन. प्रथम | नेपाल प्रशासन | राजस्व | १३ | १२ |
| ५ | लेखापाल | रा.प. अन. प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ |
| ६ | कम्प्युटर अपरेटर/ डा. ई. सुपरभाइजर | रा.प. अन. प्रथम | नेपाल प्रशासन | विविध | २ | २ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | ईन्जिनियरिङ्ग | मे. ईन्जिनियरिङ्ग | २ | २ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | विविध | ३ | ३ |
| | जम्मा | | | | ३१ | २९ |

६. निकायले प्रदान गरिने सेवा:

प्रचलित कर सम्बन्धी कानूनहरूको कार्यान्वयन गर्नु गराउनु यस कार्यालयको प्रमुख कार्य हो। सेवा प्रवाहका लागि कार्यालयमा कार्यमूलक संगठनात्मक ढाँचा अनुरुप करदाता सेवा शाखा, सङ्कलन शाखा र कर परीक्षण तथा अनुसन्धान शाखा रहेका छन्। यस सम्बन्धी विवरण विस्तृतमा तल उल्लेख गरिएको छ। करदाताको दायरा बढाउने, कर सङ्कलनमा आधुनिक सूचना प्रविधिको प्रयोग बढाई थप सरलीकरण गर्ने र करदाताको कर अनुपालनमा अभिबृद्धिका लागि करदाता शिक्षा प्रदान गर्नुका साथै बजार अनुगमन र करदाताको आर्थिक कारोबारको अनुसन्धान प्रभावकारी रुपमा गर्ने कार्यलाई प्राथिमकतामा राखिएको छ। करदातामैत्री कर प्रशासन सञ्चालन गर्ने आन्तरिक राजस्व कार्यालयको लक्ष्य हो। करदाताले पेश गरेको स्वयम कर निर्धारणमा आधारित आय विवरणको परीक्षण, लेखा तथा खाताको जाँच, शाखा थप, स्वामित्वको परिवर्तन, नामसारी, ठाउँसारी, दर्ता खारेजी, अन्तःशुल्क सम्बन्धी प्रशासन र कर चुक्ता प्रमाण पत्र दिने कामहरू यस कार्यालयले गर्दै आएको छ। करदाता सेवा, कर सङ्कलन र कर परीक्षण तथा अनुसन्धान सम्बन्धी काममा जनशक्तिको उच्चतम प्रयोग गरिरहेको छ।

७. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

<u>करदाता सेवा शाखा</u>

करदाता सेवा शाखा (सञ्चालन शाखा) को मुख्य कार्य जिम्मेवारी कराधार विस्तार गर्ने, करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी कर सम्बन्धी जागरुकता अभिवृद्धि गर्ने, स्वयंकर परिपालना गराउने तथा यसका लागि करदातालाई उत्प्रेरित गराउने, स्वयंकर परिपालना नगर्ने करदाताहरुको पहिचान गरी कर विवरण तथा कर संकलन गर्ने, कर दाखिला एवं कर चुक्ता प्रमाणपत्र जारी गर्ने, करदाताले स्वयंकर निर्धारण गरी पेश गरेका विवरणहरुको सर्सर्ती परीक्षण गरी जोखिम पहिचान गर्ने, करदाताको सूचना व्यवस्थापन गर्ने र करदाताहरुलाई गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्नु हो। यस शाखामा २ जना कर अधिकृत, १ जना कम्प्युटर अधिकृत सहित ११ जना अन्य सहायक कर्मचारीहरु रहेका छन् ।

प्रमुख कर अधिकृत

यस शाखाका मूख्य कार्यहरु निम्न अनुसार रहेका छन् -

- आयकर, मू.अ.कर, अन्तःशुल्क तथा अग्रीम करकट्टी प्रयोजनको लागि दर्ता गर्ने ।
- आय विवरण, मू.अ.कर विवरण एवं अन्तःशुल्क विवरणहरु प्राप्त गर्ने ।
- करदाताले पेश गरेका विवरणहरुको सर्सर्ती परीक्षण गर्ने ।
- करचुक्ता प्रमाण पत्र जारी गर्ने ।
- करदाता शिक्षा कार्यक्रमहरु संचालन गर्ने ।
- करदाताको अभिलेख तथा सूचनाहरु व्यवस्थापन गर्ने ।
- अन्तःशुल्क स्टिकर व्यवस्थापन ।
- कर्मचारी प्रशासन सम्बन्धी ।
- आर्थिक प्रशासन सम्वन्धी ।
- अवैध मदिरा नियन्त्रण सम्वन्धी कार्यवाही गर्ने ।
- विद्युतीय विजक जारी गर्ने अनुमति प्रदान गर्ने ।

<u>कर संकलन शाखा</u>

संकलन शाखाको मुख्य कार्य जिम्मेवारी करदाताहरुबाट राजस्व संकलन गर्ने, कर बक्यौता असुली र कर सहभागिताको अनुगमन गर्नु हो। साथै, कर अधिकृतले कानुन बमोजिम करारोपण गरी निर्धारण गरेको कर दायित्व असुल गर्ने, अग्रिम आयकर कट्टी गरी दाखिला गर्नुपर्ने कर्तब्य भएको व्यक्तिले कर दाखिला गरे नगरेको, किस्तावन्दी रुपमा दाखिला गर्नु पर्ने कर रकम दाखिला गरे नगरेको अनुगमन यसै शाखाबाट हुने गरेको छ । ठूलो बक्यौता राखी दाखिला गर्न अटेर गर्ने करदाताबाट अन्तिम तहको कानुनी कारबाही गरी बक्यौता असुली गर्ने कार्य समेत कर संकलन शाखाले गर्दछ। साथै, कर अधिकृतले गरेको कर निर्धारणका बिरुद्ध करदाताले आन्तरिक राजस्व विभाग, राजस्व न्यायाधिकरण वा अन्य अदालतमा पुनरावलोकन वा पुनरावेदन गरेमा सोको विस्तृत अभिलेख व्यवस्थापन गर्ने, बेरुजुको लगत अद्यावधिक राखी फछ्र्यौटका लागि प्रक्रिया अघि बढाउने, महालेखा परीक्षकको कार्यालयबाट वेरुजु सम्परीक्षण भई आएमा लगत कट्टा गरी अद्यावधिक गर्ने, मासिक तथा वार्षिक राजस्व असुलीको लगत राखी मासिक तथा वार्षिक आर्थिक विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाउने कार्य जिम्मेवारी पनि यस शाखाको हो । यस शाखामा १ जना कर अधिकृत सहित अन्य सहायक कर्मचारीहरु रहेका छन् ।

करदाताहरुलाई सेवा प्रवाह गर्दा एकै स्थानबाट सेवा प्रवाह गर्न सकिने गरी राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालयबाट आन्तरिक राजस्व कार्यालय भरतपुरमा संकलन हुने राजस्व जम्मा हुने गरी कार्यालय परिसरमै बैंक काउण्टरको व्यवस्था गरिएको छ।

यस शाखाका मूख्य कार्यहरु निम्न अनुसार रहेका छन् -

- राजस्व संकलन र सो सम्वन्धी अभिलेख व्यवस्थापन गर्ने ।
- कर बक्यौता असूली गर्ने ।
- कर बक्यौता राख्ने करदाताहरुलाई कानूनी कारवाही गर्ने ।
- कर निर्धारण विरुद्ध पुनरावलोकन/पुनरावेदन गएका करदाताहरुको अभिलेख राख्ने ।
- वेरुजु लगत अद्यावधिक राखी वेरुजु फछ्र्यौट सम्वन्धी कार्य गर्ने ।
- आर्थिक विवरणहरु तयार गर्ने आदि ।

प्रमुख कर अधिकृत

करदाताले स्वयंकर निर्धारण गरी यथार्थ आय विवरण वा कर विवरण पेश नगरेको कारणले सिर्जना हुने कर चुहावटका जोखिम न्यूनीकरण गर्न आय विवरण र कर विवरणको छनौट गरी करारोपण गर्ने मुख्य जिम्मेवारी कर परीक्षण शाखाको हो। कर कानुनको कार्यान्वयन गरी करदाताहरुमा कर सहभागिता अभिवृद्धि गराउने र कर प्रशासनमा स्वच्छता र समन्यायिकता कायम गराउने कार्य जिम्मेवारी पनि यही शाखाको हो । क र ख गरी दुईवटा ईकाइ रहेको यस शाखामा ४ जना कर अधिकृत सहित अन्य सहायक कर्मचारीहरु रहेका छन् ।

यस शाखाका मूख्य कार्यहरु निम्न अनुसार रहेका छन् -

- करदाताले स्वयं कर निर्धारण गरी पेश गरेका विवरणहरुको कर परीक्षण गर्ने।
- अग्रीम कर कट्टी सम्वन्धी छानविन गर्ने ।
- कर फिर्ता सम्वन्धी कार्यवाही गर्ने ।
- वजार अनुगमन गर्ने ।

<u>अनुसन्धान शाखा</u>

कर सहभागिता न्यून रहेका करदाताहरुको बारेमा आन्तरिक एवम् बाह्य संयन्त्रबाट सूचना संकलन गर्ने, राजस्व चुहावटका क्षेत्रहरुको पहिचान गरी कारण र प्रभावको अध्ययन र विश्लेषण गर्ने, कर चुहावटका संभावित छिद्रहरुको पहिचान गरी जोखिम न्यूनीकरण गर्न आवश्यक प्रारम्भिक तथा विस्तृत अनुसन्धान गरी करारोपण गर्ने मुख्य जिम्मेवारी अनुसन्धान शाखाको हो। यस शाखामा २ जना कर अधिकृत सहित अन्य सहायक कर्मचारीहरु रहेका छन् ।

यस शाखाका मूख्य कार्यहरु निम्न अनुसार रहेका छन् –

- विभिन्न निकायहरुवाट प्राप्त करदाताको उजुरी सम्वन्धी छानविन गर्ने
- छानविन प्रतिवेदनको आधारमा कर निर्धारण गर्ने आदि ।

## ८. ऐन, नियम, निर्देशिकाको सूचीः

- सालवसाली आर्थिक ऐन नियमहरू
- आयकर ऐन (संशोधन सहित), २०५८
- आयकर नियमावली (संशोधन सहित), २०५९
- मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२
- मूल्य अभिवृद्धि कर नियमावली (संशोधन सहित), २०५३
- अन्तःशुल्क ऐन, २०५८ र अन्तःशुल्क नियमावली (संशोधन सहित), २०५९
- मदिरा ऐन, २०३१ र मदिरा नियमावली (संशोधन सहित), २०३३
- आयकर निर्देशिका (संशोधन सहित), २०६६
- मूल्य अभिवृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९
- अन्तःशुल्क निर्देशिका (संशोधन सहित), २०६८
- विद्युतीय विजक सम्वन्धी कार्यविधि , २०७४ (संशोधन सहित)
- पूँजिगत लाभकर सम्वन्धी निर्देशिका (संशोधन सहित), २०७२

प्रमुख कर अधिकृत

९. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

सेवाग्राहीले प्राप्त गर्ने सेवाहरूको कार्य सम्पादन गर्न लाग्ने समय, लागत र जिम्मेवार अधिकारिको सम्बन्धमा कार्यालयको परिसरमा राखिएको नागरिक बडापत्रमा सबैले देख्ने गरी राखिएको छ।

१०. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

राजस्व प्रशासनमा सेवा प्रवाहको सिलसिलामा कार्य सञ्चालनको लागि विभिन्न चरणहरू ऐन, नियम तथा कार्यविधिहरूले निर्धारण गरेको हुन्छ। उक्त कार्य सम्पादनको अन्तिम जवाफदेहीता कार्यालय प्रमुख समक्ष रहने व्यवस्था गरी कार्य विभाजन तथा अधिकार प्रत्यायोजन गरिएको छ।

११. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालयको निर्णय उपर-आन्तरिक राजस्व विभागका महानिर्देशक
- गुनासो तथा सूचना अधिकारीको निर्णय उपर - कार्यालय प्रमुख

१०.करदाताको दर्ताको स्थितिः

| करदाताको किसिम | २०८२ चैत्र सम्मको जम्मा करदाता संख्या | २०८३ बैशाख देखि असार सम्ममा थप | २०८३ असार सम्मको जम्मा करदाता संख्या |
|---|---|---|---|
| आयकर तर्फ | ७२९६६ | ९९१ | ७३९५७ |
| मु.अ.कर तर्फ | ११९०२ | १५२ | १२०५४ |
| अन्तशुल्क तर्फ | ४८८३ | ६२ | ४९४५ |
| ब्यक्तिगत स्था.लेखा नम्बर | १८६२६३ | ६०६६ | १९२३२९ |
| विथहोल्डी लेखा नम्वर | ५६४ | १३ | ५७७ |

११.सम्पादन गरेको कामको विवरणः

| सि.नं. | सूचक | प्रगति |
|---|---|---|
| १ | स्थायी लेखा नं. दर्ता संख्या | ९९१ |
| २ | अन्तःशुल्क इजाजत दर्ता/नवीकरण संख्या | ६२ |
| ३ | व्यक्तिगत स्थायी लेखा नं. दर्ता संख्या | ६०६६ |
| ४ | कर परीक्षण संख्या | ७ |
| ५ | प्रारम्भिक अनुसन्धान संख्या | ३ |
| ६ | विस्तृत अनुसन्धान संख्या | ० |
| ७ | विद्युतीय बीजक अनुमति पत्र जारी संख्या | ५५ |
| ८ | बजार अनुगमन संख्या | १६ |
| ९ | करदाता शिक्षा कार्यक्रम संख्या | ४ |
| १० | संकलन भ्रमण संख्या | २२ |

कर अधिकृत

१२.आर्थिक वर्ष २०८२/०८३ को असार सम्मको राजस्व सङ्कलनको अवस्था:

| राजस्व शिर्षक | २०८3 असार महिनाको लक्ष्य | २०८3 असार महिनाको संकलन | प्रगति प्रतिशत | २०८3 असार महिना सम्मको लक्ष्य | २०८3 असार महिना सम्मको संकलन | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| (A) Income Tax | 800128 | 776805 | 97.09 | 4498566 | 3709179 | 82.45 |
| (B) Rent Income Tax | 8447 | 6103 | 72.25 | 61896 | 50848 | 82.15 |
| (C) Interest | 17782 | 13536 | 76.12 | 305419 | 159057 | 52.08 |
| (D)VAT (Internal) | 543752 | 386340 | 71.05 | 3209556 | 2820839 | 87.89 |
| (E) Excise (Internal) | 1301585 | 1140292 | 87.61 | 22950950 | 20011476 | 87.19 |
| (F) Health Service | 1084 | 444 | 40.96 | 32750 | 21237 | 64.85 |
| (G) Education | | 9 | 0 | | 76 | 0 |
| (H) Others | 34 | 3854 | 11334.11 | 367 | 66459 | 18108.8 |
| Total | 2672812 | 2327383 | 87.08 | 31059504 | 26839172 | 86.41 |

१३.आर्थिक वर्ष २०८२/०८३ को असार सम्मको आर्थिक तथा वित्तिय विवरण:

| बजेट उपशीर्षक | वार्षिक बजेट (रु.) | २०८३ असार महिनासम्मको खर्च (रु.) | बाँकी बजेट (रु.) |
|---|---|---|---|
| ३०५०४०१२३ | ४६९१८२७५.०० | ३७११८०७२.२६ | ९८००२०२.७४ |
| ३०५०४०१२४ | ७७२४०००.०० | ६३५५१२३.६४ | १३६८८७६.३६ |

१४.सूचना प्राप्त गर्ने व्यक्तिको नाम र सम्पर्क नम्बर:

कम्प्युटर अधिकृत: रामकुमार अधिकारी ९८५५०९२२७०

१५.कार्यालयको वेबसाइट ठेगाना: https://ird.gov.np/office/inlandrevenueofficebharatpur/

प्रमुख कर अधिकृत